# कतार सरकारले लागु गरेको न्यूनतम पारिश्रमिक व्यवस्थाबारे जानकारी

## न्यूनतम पारिश्रमिक

कुनै पनि कामदारले काम गरे बापत कानुनी रुपमा पाउनु पर्ने न्यूनतम रकमलाई न्यूनतम पारिश्रमिक भनिन्छ।

कतारको नयाँ श्रम सुधार पहल अनुसार मासिक रुपमा दैनिक ८ घण्टा (हप्तामा अधिक्तम ४८ घण्टा सम्म) काम गरे बापत कामदारले प्रति महिना न्यूनतम १००० कतारी रियाल पारिश्रमिक पाउँछन्।

## को को यसको हकदार हुन्छन?

यो नियम लागु भएको मिति (२० मार्च २०२१) देखि कतारमा कार्यरत घरेलु कामदार लगायत निजि क्षेत्रमा काम गर्ने सम्पुर्ण (आप्रवासी) कामदारहरू यसको हकदार हुन्छन्। यो नियम लागु हुनु भन्दा अगाडि गरेको रोजगार सम्झौताको हकमा पनि यो नियम लागु हुन्छ। त्यसको लागी छुट्टै सम्झौता गर्नु पर्दैन।

## आवास र खानाको व्यवस्था

कतारमा काम गर्ने कामदारको लागि खाना तथा बस्ने व्यवस्थालाई ३ चरणमा विभाजन गरिएको छ:

### पहिलो चरण

आवासको सुविधा ✓ | खानाको सुविधा ✓

यदि रोजगारदाताले कामदारलाई खाना (दिनमा ३ पटक) र आवासको व्यवस्था गरेको छ भने:

**पाउने रकम**

आधारभूत तलब = QAR १,000

QAR = कतारी रियाल

### दोस्रो चरण

आवासको सुविधा ✓ | खानाको सुविधा ✗

यदि रोजगारदाताले कामदारलाई आवासको व्यवस्था गरेको छ तर खानाको व्यवस्था गरेको छैन भने:

**पाउने रकम**

आधारभूत तलब = QAR १,000
+ खाना भत्ता = QAR ३00

जम्मा = QAR १,३00

### तेस्रो चरण

आवासको सुविधा ✗ | खानाको सुविधा ✗

यदि रोजगारदाताले कामदारलाई आवास तथा खाना दुवैको व्यवस्था गरेको छैन भने:

**पाउने रकम**

आधारभूत तलब = QAR १,000
+ खाना भत्ता = QAR ३00
+ आवास भत्ता = QAR ५00

जम्मा = QAR १,८00

## ओभरटाईम काम गरे वापत

रोजगारदाताले कामदारलाई ओभरटाईम काम लगाएबापत प्रति घण्टाको दरले आधारभूत पारिश्रमिकमा कम्तिमा २५ प्रतिशत रकम थपेर भत्ता प्रदान गर्नु पर्दछ।

रातीको सिफ्टमा (राती ९ बजे देखि बिहान ६ बजे सम्म) काम गर्नेहरूकोलागि प्रति घण्टाको दरले आधारभूत पारिश्रमिकमा कम्तिमा ५0 प्रतिशत थपेर भत्ता प्रदान गर्नु पर्दछ।

## सेवाको अन्त्यमा पाइने उपदान (End of Service Gratuity Payment)

सेवाको अन्त्यमा पाउने उपदानको लागि कम्तिमा एक वर्ष सोहि कम्पनीमा काम गरेको हुनु पर्दछ। सामान्यतया उपदानको व्यवस्था कम्पनीको नियम वा दुई पक्ष बिचको समझदारीमा तय हुन्छ र वार्षिक रुपमा न्यूनतम ३ हप्ताको पारिश्रमिक बराबरको रकम उपदानको रुपमा कामदारले पाउनु पर्दछ।

## पारिश्रमिक नपाएमा के गर्ने?

रोजगारदाताले तलब दिने मितिको ७ दिन भित्र कामदारलाई तलब दिइसक्नु पर्दछ। यदि रोजगारदाताले न्यूनतम पारिश्रमिक भन्दा कम पैसा दिइरहेको छ अथवा समयमा पारिश्रमिक दिएको छैन भने पहिला तपाईंले आफ्नो रोजगारदातासंग यस विषयमा कुराकानी गर्नुहोस् र समस्यालाई समाधान गर्ने कोसिस गर्नुहोस्। यसो गर्दा पनि तपाईंको समस्या समाधान भएन भने आवश्यक प्रमाण जुटाएर गुनासो (Complaint) गर्न सक्नुहुन्छ।

## गुनासो (Complaint) गर्ने माध्यमहरु

Ministry of Administrative Development, Labour and Social Affairs (MADLSA) को नियम अनुसार निम्न प्रक्रिया र माध्यमहरूबाट गुनासो (Complaint) गर्न सकिन्छ।

MADLSA को हटलाइन नम्बर १६00८ मा फोन गरेर गुनासो दर्ता गराउन सक्नुहुन्छ।

MADLSA को वेबसाइट adlsa.gov.qa/en मा Services भित्र गएर Complaint विकल्पमा Click गरि गुनासो दर्ता गराउन सक्नुहुन्छ।

आफ्नो मोबाइलमा Amerni Qatar एप डाउनलोड गरेर गुनासो दर्ता गराउन सक्नुहुन्छ।

info@adlsa.gov.qa मा ईमेल गरेर आफ्नो गुनासो दर्ता गराउन सक्नुहुन्छ।

www.adlsa.gov.qa/en वा Amerni Qatar एपमा गएर आफुले गरेको गुनासोको अवस्था थाहा पाउन सकिन्छ।

### थप जानकारीका लागि:

नेपाली राजदूतावास - दोहा, कतार
फोन नम्बर: +९७४-४४६७५६८१ / +९७४-४४६७५६८३
ईमेल: labour.doha@mofa.gov.np

सेन्टर फर माइग्रेशन एण्ड इन्टरनेशनल रिलेसन्स (CMIR)
फोन नम्बर: +९७७-१-४७९५९३१ / +९७७-९८४६६६२०११
ईमेल: info@cmir.org.np

स्रोत: Ministry of Administrative Development, Labour and Social Affairs (MADLSA) । प्रकाशन मिति: २०२१/०५/३१

PRAVASI SUCHANA SATHI प्रवासी सूचना साथी

Implemented By: CMIR

Supported By: International Labour Organization

Media Partner: उज्यालो